# ज्येष्ठ नागरिकको जीवनयापनमा सहजीकरणका लागि सञ्चालित कार्यक्रमको प्रगति

# आ.व.२०८२/०८३

नवराजपुर गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
नवराजपुर, सिरहा
मधेश प्रदेश नेपाल

नवराजपुर गाउँपालिकाले ज्येष्ठ नागरिकहरूको सम्मानजनक, सुरक्षित, स्वस्थ तथा सहज जीवनयापन सुनिश्चित गर्न स्थानीय सरकारको सामाजिक उत्तरदायित्वअन्तर्गत विभिन्न कार्यक्रमहरू सञ्चालन गर्दै आएको छ। ज्येष्ठ नागरिकहरू समाजका अनुभवी, ज्ञान तथा सीपका धनी र महत्वपूर्ण अभिभावकीय स्रोत भएकाले उनीहरूको संरक्षण, सम्मान, सामाजिक सुरक्षा तथा जीवनयापनमा सहजीकरण गर्नु गाउँपालिकाको प्राथमिकतामा रहेको छ । यसै उद्देश्यअनुरूप गाउँपालिकाले ज्येष्ठ नागरिकहरूको आवश्यकता, समस्या तथा अवस्थालाई मध्यनजर गर्दै सामाजिक सुरक्षा, स्वास्थ्य सेवा, संरक्षण, सम्मान तथा सामाजिक सहभागितासँग सम्बन्धित कार्यक्रमहरू सञ्चालन गरेको छ ।

गाउँपालिकाले ज्येष्ठ नागरिकहरूलाई राज्यबाट उपलब्ध सामाजिक सुरक्षा सुविधामा सहज पहुँच पुऱ्याउन आवश्यक सहजीकरण तथा समन्वय गरेको छ । सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरूको विवरण अद्यावधिक गर्ने, लाभग्राहीको पहिचान तथा अभिलेख व्यवस्थापन गर्ने, सामाजिक सुरक्षा भत्ता प्राप्त गर्न आवश्यक प्रक्रिया तथा कागजातका सम्बन्धमा जानकारी गराउने र सम्बन्धित सेवा प्रदायक निकायसँग समन्वय गर्ने कार्य गरिएको छ। यसबाट ज्येष्ठ नागरिकहरूले आफूलाई प्राप्त हुने सामाजिक सुरक्षा सुविधाको उपयोग गर्न सहज वातावरण प्राप्त गरेका छन् ।

ज्येष्ठ नागरिकहरूको स्वास्थ्य अवस्थालाई ध्यानमा राखी स्वास्थ्य परीक्षण, स्वास्थ्यसम्बन्धी परामर्श तथा आवश्यक स्वास्थ्य सेवामा पहुँच अभिवृद्धि गर्ने कार्यलाई समेत प्राथमिकता दिइएको छ। ज्येष्ठ नागरिकहरूमा उमेरसँगै देखिन सक्ने विभिन्न स्वास्थ्य समस्याका सम्बन्धमा सचेतना अभिवृद्धि गर्ने, नियमित स्वास्थ्य परीक्षण गर्न प्रोत्साहित गर्ने तथा आवश्यक परेको अवस्थामा स्वास्थ्य संस्थासम्म पुग्न सहजीकरण गर्ने कार्य गरिएको छ। साथै, स्वास्थ्य तथा सरसफाइ, पोषण, नियमित औषधि सेवन, व्यक्तिगत स्वास्थ्य सुरक्षा तथा रोगको रोकथामसम्बन्धी विषयमा आवश्यक जानकारी प्रदान गरिएको छ ।

ज्येष्ठ नागरिकहरूको सामाजिक तथा मानसिक स्वास्थ्यलाई समेत ध्यानमा राख्दै उनीहरूलाई परिवार र समुदायबाट सम्मान तथा सहयोग प्राप्त हुने वातावरण निर्माण गर्न विभिन्न

सचेतनामूलक तथा सामाजिक गतिविधिहरू सञ्चालन गरिएको छ। ज्येष्ठ नागरिकप्रति परिवारका सदस्य तथा समुदायमा सकारात्मक व्यवहार विकास गर्ने, उनीहरूको अनुभव, ज्ञान र सीपलाई सम्मान गर्ने तथा सामाजिक गतिविधिमा उनीहरूको सहभागिता बढाउने विषयमा जनचेतना अभिवृद्धि गरिएको छ। यसबाट ज्येष्ठ नागरिकहरूलाई परिवार तथा समुदायबाट अलग्गिएको महसुस हुन नदिई सामाजिक सम्बन्ध तथा सहभागिता कायम राख्न सहयोग पुगेको छ।

गाउँपालिकाले ज्येष्ठ नागरिकहरूको समस्या तथा आवश्यकताको पहिचान गरी सम्बन्धित शाखा, वडा कार्यालय, स्वास्थ्य संस्था तथा अन्य सरोकारवाला निकायसँग आवश्यक समन्वय गर्दै आएको छ। विशेष गरी असहाय, एकल तथा आर्थिक तथा सामाजिक रूपमा कमजोर अवस्थामा रहेका ज्येष्ठ नागरिकहरूको अवस्था पहिचान गरी आवश्यक सहयोग उपलब्ध गराउने तथा सम्बन्धित निकायमा सिफारिस गर्ने कार्यलाई प्राथमिकता दिइएको छ। ज्येष्ठ नागरिकहरूको संरक्षण तथा हकहितसँग सम्बन्धित विषयमा स्थानीय तहबाट आवश्यक सहजीकरण तथा समन्वय गरिएको छ।

त्यसैगरी, ज्येष्ठ नागरिकको सम्मान र सामाजिक योगदानको कदर गर्ने उद्देश्यले ज्येष्ठ नागरिक लक्षित सम्मान तथा अन्तरक्रियात्मक कार्यक्रमहरू सञ्चालन गर्ने कार्यलाई पनि प्राथमिकता दिइएको छ। यस्ता कार्यक्रममार्फत ज्येष्ठ नागरिकहरूले आफ्ना अनुभव, समस्या तथा सुझावहरू व्यक्त गर्ने अवसर प्राप्त गरेका छन्। उनीहरूको अनुभव तथा ज्ञानलाई स्थानीय विकास, सामाजिक सद्भाव र पुस्तान्तरणमा उपयोग गर्नुपर्ने आवश्यकताका सम्बन्धमा समेत जोड दिइएको छ।

ज्येष्ठ नागरिकहरूको दैनिक जीवनयापनलाई सहज बनाउन उनीहरूलाई उपलब्ध सेवा तथा सुविधाका बारेमा जानकारी गराउने, आवश्यक परामर्श प्रदान गर्ने तथा सेवा लिन आवश्यक सहजीकरण गर्ने कार्य गरिएको छ। वडा तहबाट ज्येष्ठ नागरिकसँग सम्बन्धित समस्या तथा आवश्यकताको संकलन गरी गाउँपालिकाको सम्बन्धित शाखामार्फत आवश्यक प्रक्रिया अगाडि बढाउने व्यवस्था गरिएको छ। यसले ज्येष्ठ नागरिकलाई स्थानीय सरकारबाट उपलब्ध सेवा तथा सुविधामा सहज पहुँच स्थापित गर्न सहयोग पुऱ्याएको छ।

**ज्येष्ठ नागरिकसम्बन्धी कार्यक्रमको प्रगति**

| **क्र.सं.** | **कार्यक्रम/सेवा** | **लक्ष्य/लाभग्राही संख्या** | **प्रथम त्रैमासिक प्रगति** | **खर्च/वितरण रकम (रु.)** |
|---|---|---|---|---|
| १ | अन्य ज्येष्ठ नागरिक भत्ता | १,२४४ जना | १,२४४ जना लाभग्राहीलाई सामाजिक सुरक्षा भत्ता वितरण | १,४९,११,८२१ |
| २ | ज्येष्ठ नागरिक भत्ता (दलित) | ११५ जना | ११५ जना लाभग्राहीलाई सामाजिक सुरक्षा भत्ता वितरण | ९,०८,३४७ |

| क्र.सं. | कार्यक्रम/सेवा | लक्ष्य/लाभग्राही संख्या | प्रथम त्रैमासिक प्रगति | खर्च/वितरण रकम (रु.) |
|---|---|---|---|---|
| जम्मा ज्येष्ठ नागरिक भत्ता | | १,३५९ जना | १,३५९ जना लाभग्राही | १,५८,२०,१६८ |

## वडा अनुसार ज्येष्ठ नागरिक भत्ताको विवरण

| वडा नं. | अन्य ज्येष्ठ नागरिक संख्या | रकम (रु.) | दलित ज्येष्ठ नागरिक संख्या | रकम (रु.) | जम्मा लाभग्राही | जम्मा रंकम (रु.) |
|---|---|---|---|---|---|---|
| १ | ३२८ | ३९,३५,७४२ | ४८ | ३,७७,७२० | ३७६ | ४३,१३,४६२ |
| २ | ११० | १३,१७,१६१ | ९ | ७१,८२० | ११९ | १३,८८,९८१ |
| ३ | २३७ | २८,४४,००० | १८ | १,४०,९८० | २५५ | २९,८४,९८० |
| ४ | २८६ | ३४,२८,६४५ | ३० | २,३८,०२७ | ३१६ | ३६,६६,६७२ |
| ५ | २८३ | ३३,८६,२७३ | १० | ७९,८०० | २९३ | ३४,६६,०७३ |
| **जम्मा** | १,२४४ | १,४९,११,८२१ | ११५ | ९,०८,३४७ | १,३५९ | |

### कार्यक्रमबाट प्राप्त प्रमुख उपलब्धिहरू

यस कार्यक्रमको कार्यान्वयनबाट गाउँपालिकाभित्रका ज्येष्ठ नागरिकहरूमा सामाजिक सुरक्षा तथा स्थानीय तहबाट प्राप्त हुने सेवा सुविधाबारे जानकारी तथा पहुँचमा वृद्धि भएको छ। सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने प्रक्रियामा आवश्यक सहजीकरण हुनुका साथै ज्येष्ठ नागरिकहरूको स्वास्थ्य तथा सामाजिक अवस्थाप्रति स्थानीय सरकारको ध्यानाकर्षण भएको छ। स्वास्थ्य परीक्षण तथा परामर्शसम्बन्धी गतिविधिबाट ज्येष्ठ नागरिकहरूमा स्वास्थ्यप्रति सचेतना अभिवृद्धि भएको छ ।

ज्येष्ठ नागरिकहरूको सामाजिक सम्मान तथा सहभागिता अभिवृद्धि हुनु, परिवार तथा समुदायमा उनीहरूप्रति सकारात्मक दृष्टिकोण विकास हुनु, आफ्ना समस्या तथा आवश्यकता सम्बन्धित निकायसमक्ष राख्न सक्ने वातावरण सिर्जना हुनु र उपलब्ध सरकारी सेवामा पहुँच बढ्नु कार्यक्रमका महत्वपूर्ण उपलब्धिका रूपमा रहेका छन्। साथै, ज्येष्ठ नागरिकहरूको संरक्षण तथा हकहितका विषयलाई स्थानीय विकास योजनासँग जोड्दै आगामी दिनमा थप प्रभावकारी कार्यक्रम सञ्चालन गर्न आधार तयार भएको छ ।

### आगामी कार्यदिशा

आगामी आर्थिक वर्षमा ज्येष्ठ नागरिकहरूको वास्तविक आवश्यकता तथा अवस्थाको आधारमा कार्यक्रमलाई थप प्रभावकारी र परिणाममुखी बनाउने लक्ष्य राखिएको छ। ज्येष्ठ नागरिकहरूको नियमित स्वास्थ्य परीक्षण, स्वास्थ्य तथा पोषणसम्बन्धी सचेतना, सामाजिक सुरक्षा सुविधामा सहज पहुँच, असहाय तथा जोखिममा रहेका ज्येष्ठ नागरिकको संरक्षण, सम्मान तथा सामाजिक सहभागिता अभिवृद्धि गर्ने कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

साथै, ज्येष्ठ नागरिकहरूको ज्ञान, अनुभव तथा सीपलाई नयाँ पुस्तासँग जोड्ने, परिवार तथा समुदायमा उनीहरूको सम्मानजनक भूमिका कायम गर्ने, ज्येष्ठ नागरिकमैत्री सेवा प्रवाह तथा वातावरण निर्माण गर्ने र आवश्यकताअनुसार सम्बन्धित सरकारी तथा गैरसरकारी निकायसँग समन्वय गरी थप सहयोग तथा सेवा उपलब्ध गराउने कार्यलाई प्राथमिकता दिइनेछ ।

समग्रमा, नवराजपुर गाउँपालिकाबाट सञ्चालित ज्येष्ठ नागरिकको जीवनयापनमा सहजीकरणसम्बन्धी कार्यक्रमले ज्येष्ठ नागरिकहरूको सामाजिक सुरक्षा, स्वास्थ्य, सम्मान, संरक्षण तथा सेवा सुविधामा पहुँच अभिवृद्धि गर्न महत्वपूर्ण योगदान पुऱ्याएको छ। आगामी दिनमा उपलब्ध स्रोत, साधन तथा बजेटको प्रभावकारी परिचालन गर्दै ज्येष्ठ नागरिकमैत्री स्थानीय शासन तथा सेवा प्रवाहलाई थप सुदृढ बनाउँदै लैजाने अपेक्षा गरिएको छ ।